# मालिका गाउँ कार्यपालिकाको ७८ औं बैठक/स्थान:- अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८३ साल असार महिनाको १८ गते बिहीबार

अध्यक्षता:- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थिति:-

| क.सं. | नाम, थर | पद/कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बेग प्रसाद गर्बुजा | अध्यक्ष | (हस्ताक्षर) |
| २ | श्री लक्ष्मी देवी घर्ति मगर पुन | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | श्री ~~टंक प्रसाद पुन~~ प्रेम सिं थापमगर | का. वडा अध्यक्ष, मालिका १ | (हस्ताक्षर) |
| ४ | श्री उदय कुमार बुढाथोकी | वडा अध्यक्ष, मालिका २ | (हस्ताक्षर) |
| ५ | श्री मोति प्रसाद बुढा | वडा अध्यक्ष, मालिका ३ | |
| ६ | श्री भिजेन्द्रमान पुन | वडा अध्यक्ष, मालिका ४ | (हस्ताक्षर) |
| ७ | श्री मिम पुन | वडा अध्यक्ष, मालिका ५ | (हस्ताक्षर) |
| ८ | श्री पथ बहादुर रोका | वडा अध्यक्ष, मालिका ६ | (हस्ताक्षर) |
| ९ | श्री टक बहादुर पुन | वडा अध्यक्ष, मालिका ७ | |
| १० | श्री मन कुमारी पुन | कार्यपालिका सदस्य, मालिका गा.पा. | |
| ११ | श्री प्रतिक्षा वि.क. | कार्यपालिका सदस्य, मालिका गा.पा. | (हस्ताक्षर) |
| १२ | श्री देवी पटेल | कार्यपालिका सदस्य, मालिका गा.पा. | |
| १३ | श्री छरदेवी घर्ती | कार्यपालिका सदस्य, मालिका गा.पा. | (हस्ताक्षर) |
| १४ | श्री दल बहादुर खड्काथोकी | कार्यपालिका सदस्य, मालिका गा.पा. | (हस्ताक्षर) |
| १५ | श्री अनुप गौचन | कार्यपालिका सदस्य, मालिका गा.पा. | |
| १६ | श्री हरिश्चन्द्र ढकाल | प्र.प्र.अ., मालिका गा.पा. | (हस्ताक्षर) |
| अन्य उपस्थिति | | | |
| १७ | आराम थापा मगर | प्रशासकीय अधिकृत | (हस्ताक्षर) |
| १८ | दिपक थापमगर | भौतिक पूर्वाधार विकास शाखा प्रमुख | (हस्ताक्षर) |
| १९ | स्मिका गर्बुजा पुन | सूचना संयोजक | (हस्ताक्षर) |

निर्णयहरु:

प्रस्ताव नं. १ हाल सम्म सम्पन्न भएको योजना तथा कार्यक्रमहरुको फरफारक सम्बन्धमा ।

निर्णयः मालिका गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु लागत इष्टिमेट तथा प्राविधिक स्पेशिफिकेशन बमोजिम सम्पन्न भएको हुदाँ फरफारक गरी नियमानुसारको रकम उपभोक्ता समिति तथा संस्थाहरुलाई भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रमको विवरण | कार्यान्वयन स्थान | विनियोजित रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | हुने ढल निकास | मालिका २ | ३००००० | |
| २ | कल्लाट ढल निकास | मालिका २ | २००००० | |
| ३ | लामखोरिया मोटरबाटो मर्मत | मालिका ३ | १५०००० | |
| ४ | जनज्योति आ.वि. खेलमैदान मर्मत | मालिका ३ | ४००००० | |
| ५ | हार्पेत कृषि पदमार्ग | मालिका ३ | ३००००० | |
| ६ | जुगेपानी देखि ओखरबोट गाउँसम्म पदमार्ग निर्माण | मालिका ४ | ९६४००० | |
| ७ | पुरुषोत्तम आ.वि. व्यवस्थापन | मालिका ४ | १००००० | |
| ८ | सिस्नेरी सामुदायिक स्वास्थ्य इकाई व्यवस्थापन | मालिका ४ | १४०००० | |
| ९ | भाती खानेपानी धारा निर्माण सिस्नेरी | मालिका ४ | २००००० | |
| १० | महखोला खानेपानी व्यवस्थापन | मालिका ४ | १५०००० | |
| ११ | महभिर आ.वि. मर्मत | मालिका ४ | ६५०००० | |
| १२ | खबाङ आ.वि. व्यवस्थापन | मालिका ४ | २००००० | |
| १३ | शिव आ.वि.मर्मत तथा व्यवस्थापन | मालिका ४ | ५००००० | |
| १४ | तामाखानी खेलमैदान निर्माण | मालिका ४ | ५००००० | |
| १५ | दासबाङ खानेपानी व्यवस्थापन | मालिका ४ | ७४०००० | |
| १६ | फुलबारी शिवालय मन्दिर निर्माण | मालिका ४ | २००००० | |
| १७ | लोसरीबाङ पदमार्ग | मालिका ४ | ९००००० | |
| १८ | च्यूरीबोट खानेपानी मर्मत | मालिका ४ | ५५०००० | |
| १९ | ओखरबोट देखि डाँडागाउँ सम्म गोरेटो बाटो निर्माण | मालिका ५ | ४८०००० | |
| २० | प्रतिनर्मा आ.वि. मर्मत | मालिका ५ | १००००० | |
| २१ | खोरिया खानेपानी मर्मत | मालिका ५ | ३५०००० | |
| २२ | तोसरबाङ देखि ताम्ला सडक | मालिका ५ | ९००००० | |
| २३ | श्री नव सृजना युवा क्लब स्टेज र खेल मैदान निर्माण | मालिका ५ | ७००००० | |
| २४ | रुन्मा भवन मर्मत तथा शौचालय निर्माण | मालिका ५ | ४००००० | |
| २५ | खहरे सिंचाई कुलो तथा खानेपानी मुहान मर्मत | मालिका ६ | २५०००० | |
| २६ | कायम अल्काचौर खानेपानी मर्मत | मालिका ६ | १००००० | |
| २७ | मिलिजुली आमा समूह शौचालय निर्माण तथा भवन मर | मालिका ६ | ३००००० | |
| २८ | बिमबाङ खेल मैदान | मालिका ७ | ८००००० | |

| | | | | |
|---|---|---|---|---|
| २९ | नौमाने सिंचाई | मालिका ७ | २००००० | |
| ३० | रेन्बो ट्राउट फर्म (नर्सरी) कार्यक्रम | मालिका ३ | ५००००० | |
| ३१ | मगर संस्कृती भेषभुषा खरिद | मालिका ४ | १००००० | |
| ३२ | मगर संस्कृती संरक्षण तथा प्रवर्द्धन | मालिका ४ | ५०००० | |

**प्रस्ताव नं. २ लगत सङ्कलन सम्बन्धमा ।**

निर्णयः भूमि समस्या समाधान समितिलको च.नं. ५०१ मिति २०८३/०३/१६ को पत्र सम्बन्धमा छलफल गर्दा यस मालिका गाउँपालिकामा अव्यवस्थित वसोवासी, भूमिहिन सुकुम्वासी र भूमिहिन दलितहरुको लगत छुट हुन गएको देखिएकोले अन्तिम पटक सूचना प्रकाशित गर्ने भूमि समस्या समाधान समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ भुक्तानी सम्बन्धमा ।**

निर्णयः मालिका गाउँपालिका वडा नं. ४, ओखरबोटमा विपद् प्रभावित व्यक्तिहरुलाई राहतका लागि खाद्य सामाग्रीहरु वितरण गरिएकोमा राहत खर्च रकम रु. १७,३६०/- मालिका गाउँपालिकाको आकस्मिक विपद् कोष शिर्षकवाट र मालिका गाउँपालिकाको स्थानीय पाठ्य पुस्तक कक्षा १ - ३ को मगर खाम भाषा अनुवाद गरे बापतको रकम रु. १५००००/- मगर खाम भाषा प्रशिक्षण शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ विपद् व्यवस्थापन कार्य खर्च भुक्तानी सम्बन्धमा ।**

निर्णयः मालिका गाउँपालिका अन्तर्गत भएका विपद् व्यवस्थापन कार्यको प्राविधिकको लागत इष्टिमेट तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा तपसिल बमोजिमको खर्च रकम आकस्मिक विपद् कोष शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | दुखुवेशी देखि दुखुलेक सम्म सडक सफा गर्ने तथा नाली खन्ने काम | ६ | ४२,४१८/०६ | |
| २ | ढाडखर्क सडकको धुलो धुवा व्यवस्थापनको लागि एच.डि.पी. पाइप खरिद | ६ | ८८,८४५/१२ | |
| ३ | मह्रखोला लघु जलविद्युत् जेनेरेटर मर्मत(सिस्नेरी) | ४ | ६०,०००/- | |
| ४ | रुमखोला देखि फुलबारी सिंचाई | - | ४०,०००/- | |
| ५ | रितुङ खोला देखि फुलवारी सिंचाई | - | ३०,०००/- | |
| ६ | छरखोल्सा तुसरपानी सिंचाई | - | ३०,०००/- | |
| ७ | छिस सिंचाई | - | २०,०००/- | |

**प्रस्ताव नं. ५ मुद्दा खर्च भुक्तानी सम्बन्धमा ।**

निर्णयः मालिका गाउँपालिका, गाउँपालिका अध्यक्ष, ६ नं. वडा कार्यालय, वडा नं. ६ का वडा अध्यक्ष, नन्द प्रसाद न्युरे समेतलाई बलिराम सुनार र रत्न कुमारी पटेल, प्रेम बहादुर पटेल, ओम प्रकाश शेरचनले विपक्षी बनाई बाटो निर्माण कार्य रोकी पाउँ भन्ने उत्प्रेषण परमादेश र निषेधज्ञा समतको मुद्दा दिएको सन्दर्भमा उक्त मुद्दाको लिखित जवाफ लगाउन, मुद्दा बहस गर्नका लागि कानूनी व्यवसायी मुकरर भई अदालतमा मुद्दाको लिखित जवाफ लगाउन, मुद्दा बहस तथा मुद्दा

मामिलको कार्य गरे बापत रकम रु. २,५०,०००/- <u>मुद्दा सम्बन्धि खर्च</u> शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ कार्यक्रम सम्बन्धमा ।

निर्णयः मालिका गाउँपालिकाको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसारको दलित अन्तरजातिय विवाह जोडी सम्मान कार्यक्रम सञ्चालनका लागि पेश भएको प्रस्तावना बमोजिम उक्त कार्यक्रम मिति २०८३/०३/२१ गते आयोजना गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ ठेक्का सम्बन्धमा ।

निर्णयः मालिका गाउँपालिकाबाट सञ्चालित तपसिल बमोजिमका ठेक्काहरू अन्तर्गत सम्पन्न भएका कार्यहरूको सम्बन्धमा सम्बन्धित प्राविधिकबाट पेश भएको कार्य सम्पादन प्रतिवेदन, नापजाँच, मूल्याङ्कन तथा प्रचलित कानुन, सम्झौता र खरिद सम्बन्धी प्रावधानका आधारमा परीक्षण गर्दा भुक्तानी योग्य देखिएकाले उक्त प्रतिवेदन बमोजिम नियमानुसार सम्बन्धित निर्माण व्यवसायी/सेवा प्रदायकलाई भुक्तानी गर्ने निर्णय गरियो।

| क.सं. | आयोजनाको नाम | वडा | कैफियत |
|---|---|---|---|
| १ | निस्कोट सडक स्तरोन्नति | मालिका १ | |
| २ | वतासे डाडाँ देखि च्यूरीबोट वडा कार्यालय हुँदै सिस्नेरी वागलुङ जिल्ला जोड्ने मोटरबाटो स्तरोन्नति | मालिका ४ | |
| ३ | चेनवाङ देउराली सिंचाई आयोजना | मालिका ७ | |
| ४ | सोरबोट, रातो ढुङ्गा, मिलचोक वस्ती संरक्षण | मालिका ४ | |

प्रस्ताव नं. ८ जग्गा रजिष्ट्रेशन मूल्याङ्कन सम्बन्धमा ।

निर्णयः यस मालिका गाउँपालिका भित्र रहेका जग्गाहरुको जग्गा रजिष्ट्रेशन मूल्याङ्कन प्रयोजनको लागि आ.व. २०८२/०८३ को कायम भएको मूल्यमा १० प्रतिशतका दरले न्यूनतम मूल्याङ्कन निर्धारण गर्ने निर्णय गरियो । साथै सिमलधारा, थापाचौर, फेदी हुँदै धवलागिरी गाउँपालिका जोड्ने सडकको दायाँ बाँया घडेरी योग्य जग्गा प्रति रोपनी रु. ३० लाख (वडा नं. ५) र दरबाङ - फुलबारी बजार क्षेत्र हुँदै तमान - बुर्तिबाङ सडकको दाँया बाँया घडेरी योग्य जग्गा प्रति रोपनी रु. २० लाख न्यूनतम मूल्याङ्कन निर्धारण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ आगामी बैठक सम्बन्धमा ।

निर्णयः मालिका गाउँ कार्यपालिकाको आगामी बैठक मिति २०८३/०३/२१ गते बस्ने निर्णय गरियो ।